# बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड – ६ संख्या – ८ मितिः २४ माघ २०७९**

# भाग - १

बेनीघाट रोराङ गाउँपालिका, गाउँ सभाले स्वीकृत गरेको तल लेखिएबमोजिमको बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन, २०७९ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

यो ऐन सम्वत २०७९साल माघ महिना २४ गतेबाट लागु हुनेछ भने ऐनको दफा १६ सम्वत २०८० साल जेष्ठ १५ गते बाट लागु हुनेछ ।

संवत्२०७९ सालको ऐन नं. ३

# बेनीघाट रोराङ गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड – ६** **संख्या – ८** **मितिः २४ माघ २०७९**


# बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन, २०७९

**गाउँसभाबाट स्वीकृत मिति : २०७९।०९।२९**
**प्रमााणीकरण मिति : २०७९।०९।२९**

## २०७९ सालको ऐन नं.३

**प्रस्तावना** : नेपालको संविधानबमोजिम स्थानीय तहलाई प्राप्त शिक्षासम्बन्धी अधिकार कार्यान्वयन गर्न र बेनीघाट रोराङ गाउँपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र, आधारभूत तथा माध्यमिक विद्यालय एवम् अन्य शैक्षिक संस्थाहरूको व्यवस्थापन र सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन, २०७९” रहेको छ ।

(२) यो ऐन गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो ऐन गाउँपालिकाले आफ्नो राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा ऐन, २०७९ लाई सम्झनुपर्छ ।

(ख) “संघीय शिक्षा ऐन” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(ग) “प्रदेश शिक्षा ऐन” भन्नाले बागमती प्रदेशको प्रदेश सभाले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

(घ) “गाउँपालिका” भन्नाले बेनीघाट रोराङ गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ) “सभा” भन्नाले गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(च) “कार्यपालिका” भन्नाले गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(छ) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(झ) "गाउँ शिक्षा अधिकारी" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख कर्मचारीलाई सम्झनुपर्छ ।

(ञ) "स्रोतव्यक्ति" भन्नाले गाउँपालिकाले नियुक्त गरेको वा विद्यालयबाट काजमा ल्याई शिक्षा, युवा तथा खेलकुद शाखामा कामकाज गर्न तोकिएको शिक्षक वा कर्मचारीलाई सम्झनुपर्छ । सो शब्दले सम्बन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने व्यक्तिसमेतलाई जनाउँदछ ।

(ट) "निरीक्षक" भन्नाले विद्यालयको निरीक्षण एवम् सुपरिवेक्षण गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ ।

(ठ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्राज्ञिक एवम् प्रशासनिक प्रमुखको रुपमा कार्य गर्न तोकिएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ ।

(ड) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षकबाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ ।

(ढ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापकसमेतलाई जनाउँछ ।

(ण) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँदछ ।

(त) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(थ) "प्रदेश मन्त्रालय" भन्नाले बागमती प्रदेशको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(द) "शिक्षक सेवा आयोग" भन्नाले संघीय शिक्षा ऐनबमोजिम गठन भएको शिक्षक सेवा आयोग सम्झनुपर्छ ।

(ध) "किताबखाना" भन्नाले संघीय शिक्षा ऐनबमोजिम गठन भएको "राष्ट्रिय किताबखाना (शिक्षक)" लाई सम्झनुपर्छ ।

(न) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले विद्यालय तहको शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीहरुको विकास र परिमार्जनसम्बन्धी कार्य गर्ने संघीय शिक्षा ऐनबमोजिमको पाठ्यक्रम विकास केन्द्रलाई सम्झनुपर्दछ ।

(प) "विद्यालय" भन्नाले सार्वजनिक विद्यालय, निजी लगानीका विद्यालय र सहकारी विद्यालयलाई सम्झनुपर्छ ।

(फ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(ब) "सार्वजनिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाको लगानी वा अनुदानमा सञ्चालित विद्यालय सम्झनुपर्छ । सो शब्दले प्रचलित कानूनबमोजिम सामुदायिक विद्यालयको रुपमा सञ्चालित विद्यालयसमेतलाई जनाउँदछ ।

(भ) "निजी लगानीका विद्यालय" भन्नाले निजी लगानीमा स्थापना वा सञ्चालन भएका विद्यालय सम्झनुपर्छ । सो शब्दले यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका संस्थागत विद्यालयलाई समेत जनाउँदछ ।

(म) "सहकारी विद्यालय" भन्नाले प्रचलित सहकारी कानूनबमोजिम सहकारीका रुपमा दर्ता भएका संस्थाबाट मुनाफा नलिने उद्देश्यले सञ्चालित विद्यालय सम्झनुपर्छ ।

(य) "धार्मिक विद्यालय" भन्नाले परम्परागत शिक्षा प्रदान गर्ने गुरुकुल, आश्रम, मदरसा,गोन्पा जस्ता धार्मिक विद्यालयहरूलाई सम्झनुपर्छ ।

(र) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न अनुमति प्राप्त विद्यालयलाई सम्झनुपर्छ ।

(ल) “माध्यमिक विद्यालय” भन्नाले खण्ड (श) बमोजिमको शिक्षा दिन खोलिएको विद्यालय सम्झनुपर्छ ।

(व) “आधारभूत विद्यालय” भन्नाले खण्ड (ह) बमोजिमको शिक्षा दिन खोलिएको विद्यालय सम्झनुपर्छ ।

(स) “प्रारम्भिक बाल विकास केन्द्र” भन्नाले खण्ड (क्ष) बमोजिमको शिक्षा दिन खोलिएको प्रारम्भिक बाल विकास केन्द्रलाई सम्झनुपर्छ ।

(ष) “शिशु विकास केन्द्र” भन्नाले चार बर्ष उमेर पूरा नभएका बालबालिकाको शारीरिक, मानसिक वा बौद्धिक शिक्षा दिनका लागि खोलिएका (नर्सरी, किन्डरगार्टन, मन्टेश्वरी) शिशु विकास केन्द्र सम्झनुपर्छ ।

(श) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम दिइने शिक्षा सम्झनुपर्छ ।

(ह) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(क्ष) “प्रारम्भिक बाल शिक्षा” भन्नाले चार बर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाका लागि दिइने प्रारम्भिक बाल शिक्षालाई सम्झनुपर्छ ।

(त्र) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तु सिकाइको व्यवस्था गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षालाई सम्झनुपर्छ ।

(ज्ञ) “विशेष शिक्षा” भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त, शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(ज्ञ१) “समावेशी शिक्षा” भन्नाले देहायको शिक्षा सम्झनुपर्छ :-

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ज्ञ२) “शिक्षा समिति” भन्नाले दफा १३. बमोजिम गठन भएको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

(ज्ञ३) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(ज्ञ४) “शैक्षिक सत्र” भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधिलाई सम्झनुपर्छ ।

(ज्ञ५) “अनुमति” भन्नाले नेपाल सरकार वा प्रदेश सरकार वा गाउँपालिकाले कुनै नयाँ विद्यालय खोल्न वा सञ्चालनमा रहेको विद्यालयमा तह वा कक्षा थप गर्न दिइएको स्वीकृतिलाई सम्झनुपर्छ ।

(ज्ञ६) “आधारभूत शिक्षा उत्तीर्ण परीक्षा” भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(ज्ञ७) "परीक्षा समिति" भन्नाले आधारभूत शिक्षाको अन्त्यमा लिइने परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न गठित आधारभूत तह उत्तीर्ण परीक्षा समितिलाई सम्झनुपर्छ । सो शब्दले विद्यालयका सबै तह र कक्षाहरुमा लिइने आवधिक परीक्षा तथा सिकाइ उपलब्धि मापन परीक्षा सञ्चालन र व्यवस्थापनका लागि गठित गाउँपालिकास्तरीय परीक्षा समितिसमेतलाई जनाउँदछ ।

(ज्ञ८) "माध्यमिक शिक्षा परीक्षा" भन्नाले माध्यमिक तह (कक्षा दश) को अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(ज्ञ९) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले माध्यमिक तह (कक्षा बाह्र) को अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(ज्ञ१०) "व्यवस्थापन समिति" भन्नाले यसै ऐनबमोजिम विद्यालयहरुमा गठन हुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ज्ञ११) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ । सो शब्दले कार्यपालिकाले गरेको निर्णयमा उल्लेख भएको कुरालाई समेत जनाउँदछ ।

## परिच्छेद - २

## विद्यालय स्थापना र सञ्चालनसम्बन्धी व्यवस्था

३. **विद्यालय खोल्न अनुमति लिनुपर्ने :** (१) गाउँपालिकाबाहेक अन्य कुनै नेपाली नागरिकले विद्यालय खोल्न, कुनै विद्यालयले कक्षा थप र तह थप तथा विषय थप गर्न चाहेमा सम्बन्धित वडाको सिफारिससहित कम्तीमा तीन महिना अगावै तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन दिँदा निजी लगानीमा विद्यालय खोल्न चाहनेले सो विद्यालय शैक्षिक गुठी (सार्वजनिक वा निजी) वा सहकारी कुन रुपमा सञ्चालन गर्ने हो, सो व्यहोरा समेत तोकिएको ढाँचा बमोजिमको निवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँ शिक्षा अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउनेछ र जाँचबुझ गर्दा नक्साङ्कनका आधारमा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा गाउँ शिक्षा समितिको निर्णयअनुसार तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालनमा रहेको विद्यालयले तोकिएको शर्त बन्देज पालना तथा पूरा गरेमा गाउँ कार्यपालिकाले सो विद्यालयलाई स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम निवेदन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मनासिब देखिएमा शिक्षा समितिले मागबमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई निजी शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालन गर्न अनुमति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको वा हुने विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको वा हुने विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकामा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठीसम्बन्धी विधान बनाई गाउँपालिकामा दर्ता गराउनुपर्नेछ ।

(८) निजी वा सार्वजनिक गरी दुई किसिमले शैक्षिक गुठी दर्ता गर्न सकिनेछ

(९) शैक्षिक गुठी तथा सहकारीअन्तर्गत विद्यालय सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(१०) आफ्नै स्रोतबाट प्रारम्भिक बाल विकास केन्द्र र शिशु विकास केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था उपदफा (१) बमोजिम हुनेछ ।

(११) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रक्रिया पूरा गरी सार्वजनिक शैक्षिक गुठीअन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१२) प्रचलित कानूनबमोजिम अनुमति प्राप्त विद्यालयको सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४. **अनुमति वा स्वीकति रद्द गर्न सक्ने :** कुनै विद्यालयले यो ऐन, यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा गाउँपालिकाले दिएको निर्देशन विपरीत काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ ।

५. **विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा बन्द गर्न सक्ने :** (१) सम्बन्धित वडाको सिफारिशमा गाउँ शिक्षा समितिले कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्ने अनुमति दिन, विद्यालयको नाम परिवर्तन गर्न, सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सो भन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न, एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न तथा कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ ।

(२) गाउँपालिकाले दुई वा सो भन्दा बढी सार्वजनिक विद्यालयहरुलाई एक आपसमा गाभी वा समायोजन गरी एकीकृत आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न सक्नेछ ।

(३) विद्यालय खोल्ने, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. **साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने** : (१) गाउँपालिकाले सार्वजनिक विद्यालय र गुठी, कम्पनी तथा सहकारी अन्तर्गत सञ्चालित विद्यालयहरुबीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **धरौटी सम्बन्धी व्यवस्था :** (१) शैक्षिक गुठी वा निजी लगानी वा सहकारीको रुपमा विद्यालय खोल्ने अनुमति दिँदा विद्यालय सञ्चालनको सुरक्षणवापत देहायबमोजिमको रकम धरौटीको रुपमा राख्नुपर्नेछ :

(क) माध्यमिक विद्यालयको लागि पाँच लाख रुपैँया,

(ख) आधारभूत विद्यालय कक्षा (६-८) का लागि तीन लाख रुपैँया,

(ग) आधारभूत विद्यालय कक्षा (१-५) का लागि दुई लाख रुपैँया,

(घ) धरौटी वापतको रकम गाउँपालिकाले तोकेको बैंकमा विद्यालयको मुद्दती खातामा जम्मा गर्नुपर्नेछ ।

(२) हाल सञ्चालनमा आइरहेका तर धरौटी वापतको रकम नराखेका विद्यालयले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र यस ऐन बमोजिमको धरौटी राख्नुपर्नेछ ।

(३) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **शिक्षाको प्रकार :** (१) विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ ।

(क) आधारभूत शिक्षा :

(१) साधारण शिक्षा

(२) परम्परागत धार्मिक शिक्षा

(३) संस्कृत शिक्षा

(ख) माध्यमिक शिक्षा :

(१) साधारण शिक्षा

(२) परम्परागत धार्मिक शिक्षा

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा

(४) संस्कृत शिक्षा

९. **शिक्षाको माध्यमः** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अङ्ग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत तहको प्रारम्भिक बालशिक्षादेखि कक्षा पाँचसम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ र सो सम्बन्धी व्यवस्था गाउँपालिकाको समन्वयमा विद्यालयले मिलाउनु पर्नेछ ।

(ग) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

(घ) अङ्ग्रेजी विषय अध्यापन गराउँदा अङ्ग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

१०. **विद्यालयको वर्गीकरण :** विद्यालयहरुलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

११. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन गर्न सक्नेः** (१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सार्वजनिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, दूर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षासम्बन्धी व्यवस्था साधारण शिक्षासरह हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षातर्फ अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(४) गाउँपालिकाले आवश्यकताअनुसार सामुदायिक सिकाइ केन्द्रमार्फत शैक्षिक तथ्याङ्क सङ्कलन, आधारभूत साक्षरता, साक्षरोत्तर एवम् निरन्तर शिक्षा लगायतका अन्य अनौपचारिक शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

(५) तोकिएको पूर्वाधार पूरा गरेको पाइएमा गाउँपालिकाले कुनै निजी लगानीका विद्यालयलाई यस दफामा उल्लेखित कार्यक्रमहरु आफ्नै स्रोतमा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(६) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद - ३
## पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी व्यवस्था

१२. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** १) विद्यालयले नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भसामग्री लागू गर्नुपर्नेछ ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था संघीय कानून र प्रदेश कानूनमा व्यवस्था भएबमोजिम हुनेछ ।

(३) आधारभूत तहसम्मको शिक्षाको लागि स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्य तथा कार्यपुस्तक गाउँ शिक्षा समितिको निर्णय बमोजिम प्रयोगमा ल्याउन सकिनेछ ।

## परिच्छेद - ४
## गाउँ शिक्षा समिति, वडा शिक्षा समिति तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

१३. **गाउँ शिक्षा समिति** : १) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय लगायतका कार्य गर्नको लागि देहायबमोजिमको गाउँ शिक्षा समिति रहनेछ ।

(क) गाउँपालिकाका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँपालिकाको सामाजिक विकास समितिका संयोजक - सदस्य

(ङ) कार्यपालिकाका सदस्यहरुमध्येबाट महिला र दलित समुदायको प्रतिनिधत्व हुनेगरी अध्यक्षले तोकेको तीनजना - सदस्य

(च) सार्वजनिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(छ) सार्वजनिक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(ज) सार्वजनिक आधारभूत विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(झ) निजी लगानीका विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट अध्यक्षले तोकेको एकजना - सदस्य

(ञ) स्थानीय सामुदायिक संस्था वा शिक्षा क्षेत्रमा क्रियाशील समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजीवि, चन्दादाता वा विज्ञ मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(ट) गाउँपालिकास्तरको शिक्षक महासंघको अध्यक्ष वा निजले तोकेको महासंघका प्रतिनिधि एकजना - सदस्य

(ठ) गुठी वा परम्परागत धार्मिक विद्यालय वा प्राविधिक धार सञ्चालित विद्यालयका प्रधानाध्यापक वा विव्यस अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(ड) विद्यालय हेर्न तोकिएको विद्यालय निरीक्षक वा शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत स्रोतव्यक्तिमध्ये एकजना - सदस्य

(ढ) वडा शिक्षा समितिका अध्यक्षहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको एक जना - सदस्य

(ण) गाउँ शिक्षा अधिकारी - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम समितिमा मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । त्यस्ता सदस्यहरुले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनयन गर्ने पदाधिकारी वा निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) शिक्षा समितिले शिक्षासम्बन्धी विशेषज्ञलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) **गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकारः** प्रचलित कानूनबमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बालबालिकालाई आधारभूत शिक्षासम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिकालगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराइराख्ने,

(ग) विद्यालयको शैक्षिक योजनासम्बन्धी अभिलेख अद्यावधिक गराइराख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

(घ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

(ङ) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरिवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने,

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि सहयोग गर्ने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

(ञ) गाउँपालिका क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ता जनशक्तिलाई स्वयंसेवक भई विद्यालयमा अध्यापन गर्न प्रोत्साहित गर्ने,

(ट) कार्यसम्पादन मूल्याङ्कनको आधारमा शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने,

(ठ) विद्यालयको लागि आवश्यक साधन स्रोतको पहिचान, प्रबन्ध र परिचालन गर्ने,

(ड) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोको लागि पुरस्कारको व्यवस्था गर्ने,

(ढ) आफ्नो क्षेत्रभित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि आवश्यक कार्य गर्ने,

(ण) आफ्नो क्षेत्रभित्र दूर शिक्षा, विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकूल, मदरसा, गुम्बाबाट प्रदान गरिने परम्परागत धार्मिक शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(त) विद्यालयहरुको विपद् जोखिमको लेखाजोखा गरी त्यसको असर र प्रभाव न्यूनीकरणका लागि कार्ययोजना तयार गर्ने,

(थ) विद्यालय शिक्षामा सुधारका लागि शैक्षिक मार्गचित्र, गाउँ शिक्षा नीति तथा योजना बनाई स्वीकृतिका लागि सभामा पेस गर्ने,

(द) आफ्नो सेवा क्षेत्रभित्र विद्यालय सञ्चालन अनुमति, विद्यालय सार्ने, गाभ्ने लगायतका कार्य गर्ने गराउने,

(ध) आफ्नो सेवा क्षेत्रभित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने, रिक्त दरबन्दीमा स्थायी नियुक्तिका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग पेश गर्न लगाउने,

(न) कुनै शिक्षक वा कर्मचारीलाई यस कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि समितिको रायसहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कार्यबाही गर्ने, गराउने,

(प) गाउँपालिकाको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्न लगाउने,

(फ) विद्यालय नक्साङ्कन तथा समायोजन सम्बन्धी कार्य गर्ने,

(ब) शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(५) शिक्षा समितिको बैठकको प्रमाणीकरण अध्यक्षले गर्नेछ ।

**१४. गाउँ शिक्षा समितिको बैठक** (१) गाउँ शिक्षा समितिको बैठक सामान्यतया दुई महिनामा कम्तीमा एकपटक बस्नेछ ।

(२) गाउँ शिक्षा समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि गाउँ शिक्षा समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**१५. अधिकार प्रत्यायोजन :** शिक्षा समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्यसचिव वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१६. विद्यालय व्यवस्थापन समिति :** (१) सार्वजनिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना - सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्यहरुमध्येबाट वडा समितिले मनोनित गरेको सदस्य - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना - सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरु र स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछन् ।

(३) प्राविधिक र व्यावसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(४) विद्यालयमा गठित बालक्लवको प्रतिनिधिहरुमध्ये कम्तीमा एक छात्रासहित दुई जनालाई समितिको बैठकमा आमन्त्रित गरिनेछ ।

(५) शिक्षक प्रतिनिधि र प्रधानाध्यापक बाहेक विद्यालय व्यवस्थापन समितिका अन्य सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(६) व्यवस्थापन समितिको अध्यक्ष छनोट नभएसम्मका लागि वा व्यवस्थापन समितिको अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) गाउँ शिक्षा अधिकारी वा विद्यालय निरीक्षक वा स्रोतव्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकका रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(८) निजी लगानीका विद्यालय र सहकारी विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका संस्थापक, लगानीकर्ता वा अभिभावकहरुमध्येबाट विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिले मनोनित गरेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको तीन जना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना - सदस्य

(घ) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको सो समितिको सदस्य -सदस्य

(ङ) गाउँ शिक्षा अधिकारी - सदस्य

(च) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एक जना -सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(९) उपदफा (१), (५) र (८) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(१०) सार्वजनिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनोट गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने,

(ङ) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने, त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई गाउँपालिकाले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

(च) नेपाल सरकार,प्रदेश सरकार र गाउँपालिकाबाट स्वीकृत भएको दरबन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पदपूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र विद्यालय व्यवस्थापन समितिको निर्णयसहित गाउँपालिकामा लेखी पठाउने,

(छ) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने,

(ज) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन वा प्रचलित नेपाल कानुन बमोजिम व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारवाही गरी त्यसको जानकारी गाउँपालिकालाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नुपर्ने भएमा आवश्यकता अनुसार आफ्नो रायसहितको प्रतिवेदन गाउँपालिकामा पठाउने,

(झ) विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने,

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ट) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ठ) विद्यार्थीहरूले पालना गर्नुपर्ने आचार संहिता बनाई लागू गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अद्यावधिक गराई राख्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आयव्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ण) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(त) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(थ) निरीक्षक, गाउँ शिक्षा अधिकारी, स्रोतव्यक्ति र गाउँपालिकाका अन्य पदाधिकारीहरुले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(द) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(ध) गाउँपालिकासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(न) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा गाउँपालिकामा माग गर्ने,

(प) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(फ) विद्यालयको विपद् जोखिमको लेखाजोखा गरी त्यसको असर तथा प्रभाव न्यूनीकरणका लागि कार्ययोजनाबमोजिम कार्यान्वयन गर्ने,

(ब) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(भ) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा सजायसम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न कार्यविधि बनाई गाउँ शिक्षा अधिकारी मार्फत गाउँपालिकाबाट स्वीकृत गराई लागू गर्ने,

(म) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना नगरेमा वा काम, कर्तव्य पूरा नगरेमा प्रचलित कानून बमोजिम सचेत गराउने, बढीमा दुई ग्रेड वृद्धि रोक्का गर्ने वा बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्न गाउँपालिका समक्ष कारबाहीको लागि सिफारिस गर्ने,

तर यसरी विभागीय कारबाही अगाडि बढाउँदा सम्बन्धित शिक्षकलाई आफ्नो सफाइको मनासिब मौका दिनुपर्नेछ ।

(य) गाउँपालिकाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(र) विद्यालयको सामाजिक परीक्षण गराई सम्बन्धित निकायहरुमा प्रतिवेदन पेश गर्ने ।

(ल) स्थायी नियुक्ति भई आउने शिक्षकलाई विद्यालयमा हाजिर गराउने व्यवस्था मिलाउने ।

(व) तोकिए बमोजिम शिक्षक अभिभावक संघ गठन गर्ने ।

(श) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने ।

(११) निजी लगानीका विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनीका सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

(ग) विद्यार्थीहरूलाई परीक्षामा सामेल गराउने,

(घ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ङ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(च) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने । अस्थायी रुपमा नियुक्त शिक्षकलाई स्थायी हुने अवसर प्रदान गर्नको लागि यो खण्ड प्रारम्भ भएको मितिले र यो खण्ड प्रारम्भ भएपछि नियुक्त हुने शिक्षकको हकमा त्यसरी नियुक्त भएको मितिले छ महिनाभित्र स्थायी पूर्ति सम्बन्धी प्रक्रिया शुरु गर्ने,

(छ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सार्वजनिक विद्यालयका समान तहका शिक्षकले पाउने तलव भत्तामा नघट्ने गरी सुविधा उपलब्ध गराउने,

(ज) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

(झ) खण्ड (ज) बमोजिमको कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लिखित काममा मात्र खर्च गर्ने,

(ञ) आफ्नो आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारबाही गर्ने,

(ट) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखापरीक्षकहरु मध्येबाट कम्तीमा तीनजना लेखापरीक्षकको नाम नियुक्तिको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ठ) विद्यार्थीहरूले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने,

(ड) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले दिएका निर्देशनअनुरूप काम गर्ने ।

(ढ) तोकिएबमोजिम शिक्षक-अभिभावक संघ गठन गर्ने ।

(ण) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने ।

(त) नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने र अन्य सहयोगी पाठचपुस्तक पढाउन आवश्यक देखिएमा पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको पाठ्यपुस्तकको सूचीमध्येबाट गाउँ शिक्षा अधिकारीको स्वीकृतिमा लागू गर्ने ।

(१२) व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार व्यवस्थापन समितिको .सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१३) व्यवस्थापन समितिको छनोट, योग्यता तथा बैठकसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१७. व्यवस्थापन समिति विघटन गर्न सकिने**: (१) देहायको अवस्था वा तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई गाउँ शिक्षा अधिकारीको सिफारिसमा गाउँ शिक्षा समितिले व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाको नीति विपरित काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा ।

तर त्यसरी विघटन गर्नुअघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन समिति विघटन भएपछि अर्को व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले व्यवस्थापन समिति गठन नभएसम्मका लागि व्यवस्थापन समितिको काम गर्न शिक्षा समितिले एक अस्थायी व्यवस्थापन समिति गठन गर्न सक्नेछ । उक्त समितिको म्याद बढिमा छ महिनाको हुनेछ ।

**१८. शिक्षक अभिभावक संघ :** विद्यालयमा शिक्षक अभिभावक संघको गठन तोकिए बमोजिम हुनेछ ।

**१९. वडा शिक्षा समिति :** (१) वडा भित्रका विद्यालयहरु बिच समन्वय र रेखदेख गर्न देहायबमोजिमको एक वडा शिक्षा समिति रहनेछ ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

(ख) वडा समितिले तोकेको विव्यस अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्षहरुमध्येबाट उपलब्ध भए सम्म कम्तीमा एक महिला सहित दुईजना - सदस्य

(ग) वडाभित्रका विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट वडा शिक्षा समितिले मनोनित एकजना - सदस्य

(घ) स्थानीय शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवि र चन्दादातामध्येबाट वडा शिक्षा समितिबाट कम्तीमा एक जना महिला सहित मनोनित दुईजना - सदस्य

(ङ) वडा सचिव - सदस्य-सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा सोसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२०. **निर्देशन दिन सक्ने :** (१) कार्यपालिकाले आवश्यकताअनुसार गाउँ शिक्षा समिति, वडा शिक्षा समिति र व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

२१. **गाउँ शिक्षा कोष :** (१) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई प्रोत्साहन तथा क्षमता विकासका कार्य गर्न तथा आधारभूत तह परीक्षा सञ्चालनमा सहयोग पुऱ्याउन गाउँपालिकामा एक गाउँ शिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) निजी लगानीका विद्यालयबाट प्राप्त तोकिए बमोजिमको रकम,

(ग) शिक्षा समिति तथा परीक्षा समितिको निर्णयानुसार प्राप्त हुने रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन, व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

## परिच्छेद - ५

## परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

२२. **परीक्षाको सञ्चालन र व्यवस्थापन:** (१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधारभूत तहको अन्तिम परीक्षा गाउँपालिकाले सञ्चालन गर्नेछ ।

(३) आधारभूत तह परीक्षा समिति : आधारभूत तह परीक्षाको सञ्चालन तथा व्यवस्थापन र नतिजा विश्लेषण समेतको कार्य गर्न देहाय बमोजिमको आधारभूत तह (कक्षा आठ) उत्तीर्ण परीक्षा समिति हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत स्रोतव्यक्ति वा विद्यालय निरीक्षक -सदस्य

(ग) आधारभूत र माध्यमिक तहको सार्वजनिक विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुनेगरी कम्तीमा एकजना महिला सहित परीक्षा समितिद्वारा मनोनित गरेका दुईजना - सदस्य

(घ) निजी लगानीका विद्यालय वा सहकारी विद्यालयहरुका शिक्षकहरुमध्येबाट परीक्षा समितिद्वारा मनोनित गरेका एकजना - सदस्य

(घ) गाउँपालिकामा कार्यरत सामाजिक विकास अधिकृत - सदस्य

(ङ) गाउँ शिक्षा अधिकारी - सदस्य-सचिव

(४) समितिको मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(५) परीक्षा समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) परीक्षा समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(७) आधारभूत तह उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ ।

(क) परीक्षा परिचालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) गाउँपालिकाले तोकेको न्यूनतम शैक्षिकस्तर कायम गरेका विद्यालयलाई आफ्नो विद्यालयको परीक्षा आफैं वा समूहगत रुपमा सञ्चालन गर्न अनुमति दिने,

(ग) परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियुक्त गर्ने,

(घ) प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा सम परीक्षण गराउने,

(ङ) विद्यालयहरुलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

(च) परीक्षाफल प्रकाशित गराउने तथा उत्तीर्ण परीक्षार्थीहरुलाई प्रमाणपत्र दिने,

(छ) परीक्षा शुल्क तथा परीक्षासम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

(ज) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकतानुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

(झ) प्राकृतिक प्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्तै आवश्यक निर्णय लिने,

(ञ) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले तोकेबमोजिम परीक्षासम्बन्धी अन्य कार्य गर्ने ।

(ट) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकताअनुसार केही अधिकार कुनै उपसमिति वा कार्यटोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. **निजी लगानीका विद्यालय र सहकारी विद्यालयले परीक्षा सहायता बराबरको रकम जम्मा गर्नुपर्ने** : निजी लगानीका विद्यालय र सहकारी विद्यालयले परीक्षा सहायता बराबरको रकम तोकिएबमोजिम परीक्षा सहायता कोषमा जम्मा गर्नुपर्नेछ ।

२४. **परीक्षा सम्वन्धी अन्य व्यवस्था :**

(१) गाउँपालिका भित्रका विद्यालयहरुले मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा सञ्चालन एवम् व्यवस्थापन गर्ने प्रयोजनका लागि प्रधानाध्यापक बैठकको निर्णयअनुसार परीक्षा उपसमिति गठन गरी परीक्षा व्यवस्थापन गर्न सक्नेछ ।

(२) परीक्षा सम्बन्धी अन्य व्यवस्था गर्न परीक्षा समितिले छुट्टै कार्यविधि बनाएर लागू गर्न सक्नेछ ।

## परिच्छेद - ६
## विद्यालयको लेखापरीक्षण सम्बन्धी व्यवस्था

२५. **लेखापरीक्षण सम्बन्धी व्यवस्था** : (१) सार्वजनिक विद्यालय, सामुदायिक सिकाइ केन्द्र र समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रको लेखापरीक्षण गाउँपालिकाद्वारा नियुक्त मान्यताप्राप्त लेखापरीक्षक तथा लेखापरीक्षण फर्मबाट गरिनेछ ।

(२) निजी लगानीका विद्यालय र सहकारी विद्यालयको लेखापरीक्षण सम्बन्धी व्यवस्था तोकिएको आधारमा हुनेछ ।

## परिच्छेद -७
## अनिवार्य तथा निःशुल्क शिक्षा तथा विद्यालयले लिन पाउने शुल्कसम्बन्धी व्यवस्था

२६. **सार्वजनिक विद्यालयले विद्यार्थीबाट शुल्क लिन नपाउने** : (१) सार्वजनिक विद्यालयको माध्यमिक तहसम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क हुनेछ । विद्यालयमा अध्ययनरत विद्यार्थीको नाममा विद्यालयले विद्यार्थी भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको शुल्क लगायत कुनै किसिमको शुल्क लिन पाउने छैन । तर कुनै संघसंस्था वा अभिभावकले आफ्नो स्वेच्छाले दिएको दान, उपहार, चन्दा वा आर्थिक सहयोग लिन कुनै बाधा पर्ने छैन ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्नको लागि आवश्यक स्रोतको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

(४) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा तथा स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गाउँपालिकाले मिलाउनुपर्नेछ ।

(५) सार्वजनिक विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मतका लागि विद्यार्थीबाट कुनै किसिमको शुल्क वा आर्थिक सहयोग लिन पाउने छैन ।

(६) निजी लगानीमा सञ्चालित विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि भर्ना शुल्क लिन पाउने छैन ।

(७) निजी लगानीमा सञ्चालित विद्यालयले लिन पाउने तोकिएबमोजिमको शुल्क गाउँ शिक्षा समितिबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । यसरी शुल्क निर्धारणको स्वीकृती दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिइनेछ ।

(८) निजी लगानीमा सञ्चालित विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायत अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(९) कुनै विद्यालयले यस ऐन तथा ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीत कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्छ ।

(१०) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई गाउँपालिकाले पचास हजार रुपैंयादेखि पाँच लाख रुपयाँसम्म जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद -८

## विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था

२७. **छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने** : (१) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले सार्वजनिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) निजी लगानीका विद्यालयले प्रत्येक कक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई क्रमशः शतप्रतिशत, पचास प्रतिशत तथा पच्चीस प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) निजी लगानीमा सञ्चालित विद्यालयले भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिएबमोजिम विपन्न तथा गरीब, महिला, जनजाति, दलित, अपाङ्गता भएका र जेहेन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(४) विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न तोकिएबमोजिमको छात्रवृत्ति वितरण समिति रहनेछ ।

(५) उच्च शिक्षा अध्ययन गर्ने जेहेन्दार र विपन्न विद्यार्थीहरुलाई आवश्यक स्टेशनरी र अध्ययन गर्दा लागेको शुल्क प्रदान गर्न सकिनेछ । विद्यालय तथा उच्च शिक्षाको कुनै पनि तह र कुनै पनि विधामा गाउँपालिका, जिल्ला, बागमती प्रदेश र नेपालभरिमा प्रथम हुने विद्यार्थीहरुलाई पुरस्कारद्वारा प्रोत्साहित गरिनेछ ।

(६) उपदफा (३), (४) र (५) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्ने आधारहरु तथा प्रक्रियासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनुपर्ने :** (१) सबै अभिभावकले चार वर्ष पूरा भएका बालबालिकालाई प्रारम्भिक बालशिक्षा र पाँच वर्ष पूरा भएका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा शिक्षा समिति, सम्बन्धित वडाको वडा समिति, गाउँ शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, सामुदायिक सिकाइ केन्द्र तथा विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ ।

(३) कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाइ बुझाइ, विशेष सहयोग तथा प्रेरित गरी आफ्ना बालबालिकालाई विद्यालयमा पठाउन लगाउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झाइ बुझाइ गर्दासमेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई गाउँपालिकाबाट उपलब्ध गराउने सेवा सुविधा वितरणमा रोक लगाउन सकिनेछ ।

(५) यस दफा बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्ययन गराउनुपर्नेछ ।

(६) विद्यालय जाने उमेर समूहका बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न विद्यार्थी भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने दायित्व गाउँ शिक्षा समितिको हुनेछ ।

## परिच्छेद -९

## विद्यालयमा शिक्षक व्यवस्थापन सम्बन्धी व्यवस्था

२९. **प्रधानाध्यापक सम्बन्धी व्यवस्था :** (१) प्रत्येक सार्वजनिक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम काज गर्न एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) सार्वजनिक माध्यमिक विद्यालयको प्रधानाध्यापकको लागि स्नातकोत्तर उपाधि प्राप्त गरेको, आधारभूत तह कक्षा पाँचसम्म सञ्चालित विद्यालयको प्रधानाध्यापकको लागि कम्तीमा माध्यमिक तह उत्तीर्ण वा सो सरह उत्तीर्ण भएको, आधारभूत तह कक्षा आठसम्म सञ्चालित विद्यालयको प्रधानाध्यापकको लागि कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको सम्बन्धित तहको स्थायी शिक्षकहरुमध्ये बरिष्ठ शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्त गर्नेछ र गाउँपालिकाले उक्त निर्णयलाई अनुमोदन गर्न सक्नेछ ।

(ख) उपदफा (२) को (क) अनुसार नभएमा योग्यता पुगेका शिक्षकहरुमध्ये क्रमश : माध्यमिक, आधारभूत तह (कक्षा ६-८) र आधारभूत तह (कक्षा १-५) को स्थायी दरबन्दीमा कार्यरत शिक्षकहरुमध्ये विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्त गर्नेछ र गाउँपालिकाले उक्त निर्णयलाई अनुमोदन गर्न सक्नेछ ।

(ग) उपदफा (२) को (क) र (ख) अनुसार नभएमा राहत वा करार दरबन्दीमा कार्यरत न्यूनतम योग्यता प्राप्त शिक्षकहरुमध्येबाट व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्त गर्नेछ र गाउँपालिकाले उक्त निर्णयलाई अनुमोदन गर्न सक्नेछ ।

(घ) उपदफा (२) को (क), (ख) र (ग) अनुसार पनि नभएमा विद्यालयमा कार्यरत सरकारी कोषबाट सेवासुविधा प्राप्त गर्ने योग्यता पुगेको शिक्षकहरुमध्येबाट

व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्त गर्नेछ र गाउँपालिकाले उक्त निर्णयलाई अनुमोदन गर्न सक्नेछ ।

(३) उफदफा (२) बमोजिम पाँच बर्षको लागि प्रधानाध्यापक नियुक्ति हुनुपूर्व नियमावलीमा तोकिएबमोजिमको ढाँचा र प्रावधानका आधारमा प्राप्त विद्यालय विकास प्रस्ताव मूल्याङ्कन गरी विद्यालय व्यवस्थापन समितिसँग पाँच वर्षको लागि कार्यसम्पादन करार गर्नुपर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सार्वजनिक विद्यालयको प्रधानाध्यापकलाई गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले हटाउन सक्नेछः

(क) निजको आचरण खराब रहेमा,

(ख) ऐन विपरित कुनै काम गरेमा,

(ग) निजले कार्यसम्पादन करार सम्झौताबमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

(घ) विद्यालयलाई हानी नोक्सानी पुऱ्याएमा,

(ङ) विद्यालयको चल अचल सम्पति हिनामिना गरेमा,

(५) उपदफा (२) बमोजिमको कुनै प्रधानाध्यापकलाई पदबाट हटाउनुपूर्व निजलाई सफाइ पेस गर्ने मौका दिइनेछ ।

(६) विद्यालयमा प्रधानाध्यापकको अनुपस्थितिमा वरिष्ठतम शिक्षकले निमित्त प्रधानाध्यापकको रुपमा कार्य गर्नेछ ।

(७) शिक्षकको वरिष्ठता निर्धारण देहाय बमोजिम हुनेछ :

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधार,

(ख) खण्ड (क) अनुसार बरिष्ठता नछुट्टिए अस्थायी करार शिक्षकहरुको हकमा अस्थायी करार नियुक्ति मिति वा राहत शिक्षकहरुको हकमा राहत नियुक्ति मिति वा सिफारिस योग्यता क्रमको आधार,

(८) प्रधानाध्यापकको नियुक्तिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(९) सहायक प्रधानाध्यापकको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. **प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार :** प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३१. **शिक्षक छनोट समिति**ः (१) सार्वजनिक विद्यालयको रिक्त स्वीकृत दरबन्दी र राहत अनुदान कोटामा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न र निजी लगानीका विद्यालयमा शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहायबमोजिमको एक शिक्षक छनोट समिति रहनेछ ।

(क) व्यवस्थापन समितिको अध्यक्ष वा सो समितिको सदस्यहरुमध्येबाट निजले तोकेको सदस्य -अध्यक्ष

(ख) गाउँ शिक्षा अधिकारी वा स्रोतव्यक्ति -सदस्य

(ग) गाउँपालिकामा सूचीकृत विषय विशेषज्ञहरुमध्ये शिक्षक छनोट समितिले तोकेको दुईजना -सदस्य

(घ) प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम समितिको बैठकमा आवश्यकताका आधारमा अन्य सम्बन्धित व्यक्तिहरुलाई पनि आमन्त्रण गर्न सकिनेछ ।

(३) शिक्षक सेवा आयोगले शिक्षक छनोट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनोट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ ।

(४) शिक्षक छनोट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) गाउँपालिकाले आवश्यक ठानेमा कार्यविधि तयार गरी गाउँपालिकाभित्रका सबै सार्वजनिक विद्यालयमा प्राथमिक तहको रिक्त शिक्षक पदमा करार वा राहत शिक्षक नियुक्ति गर्नका लागि वार्षिक रुपमा खुला विज्ञापन गरी आवश्यकताअनुसारको अस्थायी करार सूची तयार गर्न र नियुक्तिका लागि सिफारिश गर्न सक्नेछ ।

(६) शिक्षक सेवा आयोगको अस्थायी करार सूचीमा रहेका शिक्षकलाई नियुक्तिको लागि प्राथमिकता दिइनेछ ।

(७) दफा ३१ बमोजिम शिक्षक छनौंट समितिका सदस्यहरु र परीक्षामा खटिएका व्यक्तिहरुको सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

३२. **करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था** : (१) स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले गाउँपालिकामार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरेको सूची प्राप्त भएपछि सूचीमा रहेका उम्मेदवारहरुमध्येबाट योग्यताक्रमका आधारमा व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनोट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा गाउँपालिकाबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) राहत अनुदान कोटामा करार शिक्षक छनोट सम्बन्धी व्यवस्था यसै दफामा उल्लेख भए बमोजिम हुनेछ । विद्यालयमा रिक्त शिक्षक दरबन्दी र राहत अनुदान कोटामा बाहेक गाउँपालिकाबाट प्रदान गरिएको अनुदान रकम र विद्यायलयको निजी स्रोतबाट तलब भत्ता खानेगरी शिक्षक पदपूर्ति सम्बन्धमा विद्यालय व्यवस्थापन समितिले छुट्टै मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

३३. **शिक्षक दरबन्दी मिलान :** (१) विद्यालयले अनुमति प्राप्त गरेको तह एवम् कक्षा र अध्ययरत विद्यार्थी सङ्ख्यासमेतको आधारमा गाउँ शिक्षा समितिले शिक्षक विद्यार्थी अनुपात कायम गरी विद्यार्थी संख्याको अनुपातमा बढी शिक्षक भएको विद्यालयबाट कम शिक्षक भएको

विद्यालयमा पठाउने गरी मापदण्ड बनाई शिक्षक दरबन्दी मिलान गर्न सक्नेछ । यसका लागि गाउँ शिक्षा समितिले आवश्यकता अनुसार दरबन्दी मिलान कार्यदल गठन गर्न सक्नेछ ।

(२) शिक्षक दरबन्दी मिलान कार्य हरेक वर्ष शैक्षिक सत्र शुरु भएको मितिले एक महिनाभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

(३) दरबन्दी मिलानबाट समेत विद्यालयमा तोकिएको न्यूनतम शिक्षक संख्या अपुग भएमा त्यस्ता विद्यालयलाई नपुग शिक्षक व्यवस्थापन गर्न गाउँपालिकाले तोकिए बमोजिम शिक्षण सहयोग अनुदान रकम उपलब्ध गराउनेछ ।

३४. **शिक्षकको सरुवा : (१)** सरुवा हुन चाहने शिक्षकले तोकिएबमोजिमको फाराम भरी सम्बन्धित विद्यालयमार्फत गाउँपालिकामा पेश गनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा गाउँ शिक्षा अधिकारीले दरबन्दी रिक्त र विषय मिल्ने भएमा गाउँपालिकाभित्रको हकमा शैक्षिक सत्रको अन्त्यमा गाउँ शिक्षा समितिको निर्णय अनुसार सरुवा गर्न र जिल्लान्तर सरुवाको हकमा शिक्षा विकास तथा समन्वय इकाईलाई सरुवा सहमति दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै विद्यालयमा दुई शैक्षिक सत्र पूरा नगरेका शिक्षकलाई सरुवा सहमति प्रदान र सरुवा गरिने छैन ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दरबन्दी मिलान गर्दा वा विशेष कारणवश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा कारण खुलाई यस दफाबमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

(५) राहत दरबन्दीमा कार्यरत शिक्षकहरुलाई दोहोरो सहमतिको आधारमा विषय र तह मिल्ने हकमा एक पटकका लागि मात्र सरुवा गर्न सकिनेछ ।

(६) विद्यालयको विषयगत शिक्षकको आवश्यकतालाई मध्यनजर गर्दै कुनै पनि तहका शिक्षकहरुलाई एक विद्यालयबाट अर्को विद्यालयमा बढीमा एक बर्षका लागि गाउँ शिक्षा समितिले काज सरुवा गर्न सक्नेछ ।

(७) तर स्थायी नियुक्ति लिएको एक वर्ष नपुगेको र अनिबार्य अवकाश हुन एक वर्ष भन्दा कम अवधि बाँकी रहेको शिक्षकको सामान्यतया सरुवा गरिने छैन ।

(८) शिक्षकको सरुवासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३५. **अस्थायी, करार वा राहत शिक्षकसम्बन्धी अन्य व्यवस्था :** अस्थायी, करार वा राहत शिक्षकसम्बन्धी अन्य व्यवस्था संघीय कानूनमा उल्लेख भएबमोजिम हुनेछ ।

३६. **शिक्षक महासंघ सम्बन्धी व्यवस्था :** (१) सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकहरूको पेशागत हकहितको संरक्षण र शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुऱ्याउनको लागि गाउँपालिकामा एक शिक्षक महासंघ रहनेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षक महासंघसम्बन्धी अन्य व्यवस्था संघीय ऐन तथा शिक्षक महासंघको बिधानबमोजिम हुनेछ ।

## परिच्छेद -१०

## शिक्षकको सेवा, सर्त र अवकाशसम्बन्धी व्यवस्था

३७. **शिक्षक प्रोत्साहन तथा स्थानीय भत्तासम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाले सार्वजनिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूलाई तोकिएबमोजिम प्रोत्साहन तथा स्थानीय भत्ताको व्यवस्था गर्न सक्नेछ ।

३८. **प्रधानाध्यापक भत्तासम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाले सार्वजनिक विद्यालयमा कार्यरत प्रधानाध्यापकलाई संघीय सरकारले प्रदान गर्दै आएको भत्तामा तोकिएबमोजिमको रकम थप गरी एकमुष्ट रुपमा प्रधानाध्यापक भत्ताको व्यवस्था गर्न सक्नेछ ।

३९. **शिक्षकहरुको वृत्ति विकाससम्बन्धी व्यवस्था :** सार्वजनिक विद्यालयका शिक्षकहरूको वृत्ति विकासको लागि प्रत्येक तहका शिक्षकको श्रेणीगत विभाजन संघीय कानूनबमोजिम हुनेछ ।

४०. **अनिवार्य अवकाश :** (१)कुनै शिक्षक तथा कर्मचारीको उमेर साठी वर्ष पूरा भएपछि निजलाई विद्यालयको सेवाबाट अवकाश दिइनेछ ।

(२) अति आवश्यक परेको खण्डमा उमेर हदका कारण अवकाश प्राप्त शिक्षक वा कर्मचारीलाई गाउँपालिकाले विशेष जिम्मेवारी दिई करारमा काममा लगाउन सक्नेछ ।

(३) विद्यालयमा कार्यरत राहत शिक्षक, बालविकास शिक्षक र कर्मचारीहरु अनिवार्य अवकाश हुँदा निजहरुको सेवा अवधिमा सञ्चित बिरामी बिदाबापतको रकम तोकिएबमोजिम प्रदान गर्न सकिनेछ ।

४१. **अवकाश सम्बन्धी विशेष व्यवस्था :** शिक्षकको अवकाशसम्बन्धी विशेष व्यवस्था संघीय कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।

४२. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** नियमानुसार बिदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

## परिच्छेद -११

## विविध

४३. **विद्यालय तथा प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान** :(१) गाउँपालिकाले सार्वजनिक विद्यालयहरुलाई देहायको आधारमा अनुदानको बाँडफाँड गर्नेछ ।

(क) विद्यालयको विद्यार्थी सङ्ख्या

(ख) विद्यालयको शिक्षक सङ्ख्या

(ग) विद्यालयको सिकाइ उपलब्धि

(घ) विद्यालयको आर्थिक अवस्था

(२) गाउँपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिएबमोजिम गाउँपालिकाले अनुदान दिन सक्नेछ ।

(३) विद्यालयले प्राप्त गरेको रकम जुन कामका लागि खर्च गर्न निकासा भएको हो सोही शीर्षकमा र शीर्षक नतोकी विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान भनेर प्रदान गरिएको अनुदान विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार खर्च गर्नुपर्नेछ ।

४४. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने** :(१) गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास, निरन्तर सिकाइ र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) गाउँपालिकाको प्रत्येक वडामा एकभन्दा बढी सामुदायिक सिकाइ केन्द्र रहने छैन ।

(३) सामुदायिक सिकाइ केन्द्रसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४५. **विद्यालयको सम्पत्ति :** (१) विद्यालयको नाममा रहेको चल-अचल सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र पदीय दायित्व प्रधानाध्यापकको हुनेछ ।

(२) सार्वजनिक विद्यालयको चल-अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । सार्वजनिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको वा समायोजन गरिएको सार्वजनिक विद्यालयको चल-अचल सम्पत्तिको व्यवस्थापन गाउँपालिकाले गर्नेछ ।

(३) शैक्षिक गुठी तथा सहकारीको रुपमा सञ्चालित विद्यालयको चल-अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ ।

(४) कम्पनीको रुपमा सञ्चालित विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहनेछ ।

(५) निजी लगानीका विद्यालयले कुनै व्यक्ति वा संघसंस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको सम्पत्ति गाउँपालिकाको स्वीकृतिबेगर सट्टापट्टा र बेचविखन गर्न पाइने छैन ।

(७) विद्यालयको सम्पत्ति संरक्षणसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४६. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने :** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा सिकाइ सहजीकरणको वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायमसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४७. **बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न नहुने :** (१) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

४८. **शिक्षक तथा कर्मचारीको पदीय आचरण :** (१) विद्यालयका शिक्षक तथा कर्मचारी उच्च आदर्शले प्रेरित भई आफूलाई तोकिएको कार्यमा संलग्न हुनुपर्नेछ ।

(२) शिक्षक तथा कर्मचारीहरुको लागि आचारसंहिता तोकिएबमोजिम हुनेछ । तोकिएका आचारसंहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(३) तोकिएको आचारसंहिताको पालना नगरेमा एवम् देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ ।

(क) पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) मादक पदार्थ सेवन गरी विद्यालयमा आएको प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सार्वजनिक विद्यालयका शिक्षक वा कर्मचारीले विद्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा ।

यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधानबमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समितिलाई सम्झनुपर्छ ।

४९. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सार्वजनिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालयको प्रशासनिक व्यवस्थापनसम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

५०. **स्थायी आवासीय अनुमति लिन नहुने:** सार्वजनिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनु हुँदैन । यो दफा प्रारम्भ हुनुअघि यस्तो स्थायी आवासीय अनुमति लिएको वा लिनका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ । यसरी बर्खास्त हुने शिक्षकले संघीय शिक्षा ऐनमा उल्लेख भएअनुसारका सुविधा मात्र प्राप्त गर्नेछ ।

५१. **कर्मचारी सम्बन्धी व्यवस्था** : विद्यालयमा रहने कर्मचारीको दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुविधा तोकिएबमोजिम हुनेछ ।

५२. **ट्युसन, कोचिङ, जस्ता विद्यालयबाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धी व्यवस्था**ः (१) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्वतयारी कक्षा लगायतका सेवा सञ्चालन गर्न गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्वतयारी कक्षा लगायतका सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५३. **दण्ड र सजाय :** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना गरेमा वा हानी नोक्सानी पुऱ्याएमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी बिगो बमोजिमको रकम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी तोकिएबमोजिम सजाय हुनेछ :

(क) उत्तरपुस्तिका परीक्षण गर्दा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ख) परीक्षा केन्द्रमा स्वीकृति नलिई प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(घ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा, कोचिङ् कक्षा, पूर्व तयारी कक्षा आदि सञ्चालन गरेमा ।

(३) विद्यालयको शिक्षक वा कर्मचारीउपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी मुद्दा दायर भएको मितिदेखि निलम्बन हुनेछ ।

**५४.** **पुनरावेदन** : यस ऐन तथा ऐनबमोजिम तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**५५.** **नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले तपसिलबमोजिमको विषय र अन्य आवश्यक विषयमा आवश्यक नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरु,
(ख) निःशुल्क शिक्षा, शिक्षक र विद्यार्थीको प्रोत्साहन तथा विद्यार्थी छात्रवृत्तिको व्यवस्थापन,
(ग) विद्यालयलाई दिइने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम, अनुगमन र नियमन,
(घ) प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन र व्यवस्थापन,
(ङ) विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण तथा मूल्याङ्कन,
(च) विद्यार्थी शिक्षक अनुपात तथा सार्वजनिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
(छ) विद्यालय नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
(ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग,
(झ) माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक व्यवस्थापन,
(ञ) प्रारम्भिक बालविकास तथा शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा बैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ केन्द्र र विशेष तथा समावेशी शिक्षा,
(ट) विद्यालयको सह तथा अतिरिक्त कार्यकलाप र कार्यक्रम
(ठ) विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
(ड) विद्यालयको नामाकरण,
(ढ) विद्यालयमा छात्रवास सञ्चालनसम्बन्धी व्यवस्था,
(ण) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्री,
(त) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम
(थ) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
(द) दूर तथा खुला शिक्षा,
(ध) शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको गठन तथा गाउँ शिक्षा कोष र विद्यालय कोष,
(न) सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
(प) विद्यालयको पुस्तकालय र वाचनालय,
(फ) ट्युसन, कोचिङ, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता,
(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा,
(म) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

(य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता, काम, कर्तव्य, अधिकार र सुविधा,

(र) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

(ल) विद्यालयको परीक्षा, विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन, विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(व) स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन तथा व्यवस्थापन,

(श) अभिभावक शिक्षा ।

५६. **जिम्मेवारी तथा जवाफदेहिता :** (१) गाउँपालिका, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, अभिभावक एवम् विद्यार्थीप्रति प्रधानाध्यापक जिम्मेवार र जवाफदेही हुनुपर्नेछ ।

(२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि प्रधानाध्यापकले शिक्षा समिति र व्यवस्थापन समितिसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ।

(३) शिक्षक एवम् कर्मचारी प्रधानाध्यापकप्रति जिम्मेवार र जवाफदेही हुनेछन् र निजहरुले गुणस्तरीय शिक्षाका लागि कार्यपालिका, शिक्षा समिति र गाउँ शिक्षा अधिकृतले प्रधानाध्यापकमार्फत प्रचलित कानून बमोजिम दिएका निर्देशन पालना गर्नु पर्नेछ ।

(४) अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न शिक्षकले वार्षिक रुपमा प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ।

(५) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकाले प्रत्येक विद्यालय आसपासको निश्चित भौगोलिक क्षेत्र सो विद्यायलयको सेवा क्षेत्रको रुपमा तोक्न सक्नेछ । त्यस्तो भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसहारा तथा अति विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालबालिकालाई छात्रवृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई बालबालिकालाई विद्यालयमा ल्याउनु गाउँपालिका, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, व्यवस्थापन समिति र प्रधानाध्यापकको जिम्मेवारी हुनेछ ।

(६) विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धी हासिल हुने गरी सिकाउने र विद्यालयमा टिकाउने दायित्व शिक्षकको हुनेछ ।

५७. **संरक्षकको भूमिका** : गाउँपालिका अध्यक्षले गाउँपालिका भित्रका विद्यालयहरुको संरक्षकको रुपमा गुणस्तरीय शिक्षाका लागि कार्य गर्नु गराउनु पर्नेछ ।

५८. **बाधा अड्काउ हटाउने अधिकार** : यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक आदेश जारी गर्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

५९. **संक्रमणकालीन व्यवस्था :** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम गाउँ शिक्षा नियमावली नआउँदासम्म कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

६०. **बचाउ र अमान्य हुने** : (१) यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र यस ऐनमा लेखिएदेखि बाहेकका कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐन वा अन्तर्गत बनेका नियम कानूनहरु अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**आज्ञाले**

भीष्म कुमार मल्ल

प्रमुख प्रशासकीय अधिकृत